ञ्जको तापक्रम प्रेमनाथ ठाकुरले बताउनुभयो।

मन्द बजेटको सदुपयोग गर्न पनि आग्रह गर्नुभयो।

टोखा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय बैजुहिटी, काठमाडौं

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP)

**(IDA credit – 6149 NP)**

## दुध तथा दुग्ध पदार्थ, मासु तथा मासुजन्य पदार्थ र च्याँङ्ग्रा पश्मिनासंग आवद्ध निजी फर्म तथा कम्पनीहरुवाट उत्पादन मूलक गठबन्धनको ढाँचामा उप-आयोजना अवधारणा पत्र (PCN) आव्हान

**प्रथम पटक प्रकाशित मिति २०७७/१०/१९**

यस नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले उत्पादनमूलक गठवन्धनलाई प्रवर्द्धन र संस्थागत गर्दै सो गठबन्धनमा आवद्ध भएका दूध, खसीबोकाको मासु र पश्मिना उत्पादन तथा प्रशोधन गर्ने कार्यमा संलग्न आयोजनासंग सहकार्य गर्न ईच्छुक नियमानुसार दर्ता भएका निजी फर्म तथा कम्पनीहरुलाई तोकिएको ढाँचामा र मूल्य शृखंला पूरक अनुदान प्रस्ताव गरी उप-आयोजना अवधारणा पत्र पेश गर्न आव्हान गर्दछ। उत्पादनमूलक गठबन्धनमा आवद्ध हुने पात्रहरु मध्ये उत्पादनकर्ता (Producers) लाई प्रतिस्पर्धाको आधारमा लगानीको ५० प्रतिशत (अधिकतम रु १ करोडसम्म) पूरक अनुदान, प्राविधिक सेवा/टेवा तथा व्यवस्थापकीय सुधारको लागि आयोजनाले सघाउने छ। यसरी पूरक अनुदान प्राप्त गर्न चाहने आवेदकले उप-आयोजनाको कूल लगानीको ३० प्रतिशत अंश नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै एक बैंक वा वित्तीय संस्थाबाट ऋण स्वीकृत गराउनु पर्नेछ र बाँकी २० प्रतिशत अंश स्वलगानी गर्नुपर्नेछ ।

यो आयोजना सञ्चालन भएको २८ जिल्लाहरु मध्ये २६ जिल्ला (पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग, सुनसरी, ससरी, धनुषा, सिराहा, काभ्रेपलाञ्चोक, काठमाडौं, मकवानपुर, चितवन, स्याङ्गजा, कास्की, तनहुँ, म्याग्दी, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, वर्दिया) का सवै पालिकाहरुमा दूध तथा दुग्ध पदार्थ, मासु तथा मासुजन्य पदार्थको मूल्य शृंखला र अन्य २ जिल्ला (मनाङ्ग, मुस्ताङ्ग) का सवै पालिकाहरुमा च्याङ्ग्रा पश्मिनाको मूल्य शृंखलाका कार्यक्रमहरु सञ्चालन हुनेछन्।

पेश भएका पुरक अनुदान अवधारणापत्रहरुलाई आयोजनाको निर्धारित विधि अनुसार मूल्याङ्कन गरी उत्कृष्ट उप-आयोजना प्रस्तावहरुबाट उप-आयोजना पूर्ण प्रस्ताव माग गरिने छ। । अन्य शर्तहरु निम्न अनुसार हुनेछन्:

- उत्पादनकर्ताले उत्पादन गरेको वस्तु तोकिएको परिमाण, गुणस्तर र मूल्यमा खरिदकर्ताले खरिद गर्न इच्छुक रहेको भनी उत्पादनकर्ता र खरिदकर्ताबीच सम्झौता भएको हुनु पर्नेछ।
- उप-आयोजनाको कूल लगानीमध्ये ३० प्रतिशत अंश आफूले रोजेको बैंक वा वित्तीय संस्थाबाट ऋण लगानी गर्ने आशयको पत्र संलग्न हुनु पर्नेछ।
- उप-आयोजना अवधारणा पत्र आयोजनाले तयार पारेको उप-आयोजना अवधारणा पत्र तयारी तथा प्रमाणीकरण विधिको अनुसूची -१ वमोजिम हुनु पर्नेछ।
- उप-आयोजना अवधारणापत्र तोकिएको म्याद भित्र इच्छुक आवेदकले सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु (विराटनगर/हेटौडा/पोखरा/बुटवल) वा जिल्लास्तरका सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र/एकीकृत कृषि तथा पशुपन्छी कार्यालयमा दर्तागरी सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाईलाई जानकारी गराउनु पर्नेछ।
- उप-आयोजना अवधारणा पत्रको मूल्याङ्कन पश्चात स्थलगत प्रमाणीकरण गरिनेछ र स्थलगत प्रमाणीकरणबाट सफल हुने आवेदकलाई मात्र उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्न आयोजनाबाट लिखितरुपमा आमन्त्रण गरिने छ।
- उत्पादनमूलक गठबन्धनका खरिदकर्तालाई अनुदान उपलब्ध हुने छैन।
- तोकिएको म्यादभित्र दर्ता नभएका तथा रीत नपुगेका उप-आयोजना अवधारणा पत्रलाई मान्यता दिइने छैन।
- कुनै पनि अवधारणा पत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार आयोजना तथा विकेन्द्रीकृत आयोजना सहयोग इकाईलाई सुरक्षित रहने छ।

**उप-आयोजना अवधारणा पत्र पेश गर्ने अन्तिम म्यादः** उप-आयोजना अवधारणा पत्र आवेदकले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र माथी उल्लेखित कार्यालयहरु मध्ये कुनै एकमा दर्ता गरी सक्नु पर्नेछ।

**उप-आयोजना पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

१. फर्म/कम्पनी दर्ता भएको प्रमाण (२) कम्तीमा ६ महिनाको बैंक स्टेटमेन्ट (नयाँ दर्ता भएको भए चेकबूकको फोटोकपी) (३) VAT/PAT मा दर्ता भएको प्रमाण पत्र (४) पछिल्ला आ.व. को लेखा परीक्षण प्रतिवेदन (दर्ता भएर एक वर्ष पूरा भएका संस्थाहरुको लागि) (५) चालू आ.व.को करचुक्ता प्रमाण पत्र (दर्ता भएर एक आ.व. पुरा गरि सकेका आवेदक संस्थाले मात्र) (६) जग्गा उपलब्धताको प्रमाण (७) उत्पादनमूलक गबन्धनको सम्झौता (८) सामाजिक, वातावरणीय सुरक्षा पालना गर्ने प्रतिवद्धता (९) नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै एक आफूले रोजेको वित्तीय संस्थाको ऋण लगानी गर्ने आशय पत्र र (१०) सम्बन्धित स्थानीय तहलाई जानकारी गराएको पत्र।

**उप-आयोजना अवधारणा पत्र तयारी र स्थलगत प्रमाणीकरण विधि** तथा अन्य जानकारीहरु आयोजनाको Website: nlsip.gov.np मा उपलब्ध छ। थप जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ ।

आयोजना व्यवस्थापन इकाई हरिहरभवन, ललितपुरः फोन नं. ९७७-०१-५५५४९०६

**विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुः**

पोखरा, फोन ०६१-५२७१२०, हेटौडा फोन नं. ०५७-५२४५७४;

विराटनगर, फोन नं. ०२१-५००२८३, बुटवल, फोन नं. ०७१-५५०५८०